# फालेलुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### थोक्लिम्बा, पाँचथर

पत्र संख्या : २०७७/०७८ | मिति : २०७७/०७/२६
च. नं.: १३० | १ नं. प्रदेश, नेपाल

**२०७७ सालको शुभ दिपावली/बलिहाङ तङ्नाम मनाउने सन्दर्भमा गाउँकार्यपालिकाको कार्यालयको अपिल**

विगत ८ महिनादेखि विश्वव्यापी कोरोना भाइरसको प्रकोप नेपालमा झन् झन् बढ्दो अवस्थामा रहेकोले २०७७ सालको शुभ दिपावली/बलिहाङ तङ्नाम मनाउने सन्दर्भमा देहाय बमोजिमका नियमहरु पालना गर्न, गराउन हुन फालेलुङ गाउँकार्यपालिकाको कार्यालय सबैमा हार्दिक आह्वान गर्दछ ।

देहाय :

- ✓ घरै बसी चाडपर्व मनाउने, चाडपर्वमा कतै पनि पाहुना नजाने तथा आफन्त र पाहुनालाई घरमा आमन्त्रण नगर्ने,
- ✓ देउसी भैलो खेल्ने कार्य नगर्ने,
- ✓ भिडभाड हुने किसिमका मेला, महोत्सव, हाटबजार, प्रतियोगितात्मक कार्यक्रम आदि आयोजना नगर्ने,
- ✓ जुवातास, डाइसजस्ता खेलहरु सार्वजनिक स्थल या निजी निवास कतै पनि नखेल्ने, नखेलाउने,
- ✓ हरेक बेलुकाको ८:०० बजेदेखि बिहानको ८:०० बजेसम्म मदिराजन्य पद्दार्थ बेचबिखन नगर्ने,
- ✓ अनुमती नलिएका पसलहरुले मदिराजन्य पद्दार्थ बेचबिखन नगर्ने,
- ✓ पटेकाजस्ता विस्फोटक पद्दार्थ बेचबिखन नगर्ने तथा नपड्काउने,
- ✓ किनमेलका लागि पसलमा जाँदा भौतिक दूरी कायम गर्ने,
- ✓ अत्यावश्यक काम परी घरबाहिर हिंड्नै पर्दा सधैं मास्क लगाएर हिंड्ने,
- ✓ व्यक्तिगत सरसफाईमा ध्यान दिने,
- ✓ कुनै असामाजिक तथा अपराधजन्य गतिविधि भए, गरेको देखिएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयमा सम्पर्क गर्ने ।
- ✓ २०७७ सालको शुभ दिपावली/बलिहाङ तङ्नामको सबैमा हार्दिक शुभकामना ।

....................
सञ्च कुमार केरुङ
अध्यक्ष

*फालेलुङ समृद्धिको आधार : कृषि, पर्यटन, जलश्रोत र भौतिक पूर्वाधार*
*फोन नं. : ०२१-६९६४९०*
*email-phalelunggaunpalika@gmail.com*
*website-www.phalelungmun.gov.np*